# विद्यालय अनुदान व्यवस्थापन निर्देशिका, २०७४

नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरवार

नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरवार, काठमाण्डौं, नेपाल

# विद्यालय अनुदान व्यवस्थापन निर्देशिका, २०७४

## प्रस्तावना

सामुदायिक विद्यालयहरुमा सरकारबाट उपलब्ध हुने अनुदानको आधार तय गर्न, अनुदानको उच्चतम उपयोगमा सघाउ पुर्याउन तथा विद्यालयहरुको वित्तीय सुशासन, पारदर्शिता तथा व्यवस्थापनमा सुधार ल्याई गुणस्तरीय शिक्षाको प्रत्याभूतिका लागि सहजिकरण गर्न आवश्यक देखिएकोले शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियम १९२ (ङ) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयबाट **विद्यालय अनुदान व्यवस्थापन निर्देशिका, २०७४** जारी गरिएको छ।

## परिच्छेद १

**१. संक्षिप्त नाम र प्रारम्भः**

१.१ यो निर्देशिकाको नाम "**विद्यालय अनुदान व्यवस्थापन निर्देशिका, २०७४**" रहेको छ।

१.२ यो निर्देशिका नेपालभर सञ्चालनमा रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा लागू हुनेगरी तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो निर्देशिकामाः

२.१ **"सशर्त आधारभूत अनुदान"** भन्नाले विद्यालयहरुलाई दिइने शिक्षक तलब भत्ता, विद्यालय कर्मचारीहरुको तलब भत्ता, निःशुल्क पाठ्यपुस्तक, विद्यालय व्यवस्थापन खर्च तथा छात्रवृत्तिलाई सम्झनु पर्दछ। साथै विद्यालयहरुको पूर्वाधार बिकासका लागि शीर्षक तोकी समय समयमा प्राप्त हुने अनुदान समेतलाई जनाउनेछ ।

२.२ **"एकमुष्ठ अनुदान"** भन्नाले हालसम्म कुनै पनि स्वीकृत शिक्षक दरवन्दी, राहत शिक्षक अनुदान प्राप्त नगरेका र भविष्यमा शिक्षक दरवन्दि वा राहत शिक्षक अनुदान नलिने गरी विद्यालयलाई प्राप्त हुने सुत्रमा आधारित अनुदानलाई सम्झनु पर्दछ। साथै यसले विद्यालयको समग्र पक्षको विकासका लागि प्रचलित कानुनको परिधिभित्र रही विद्यालय व्यवस्थापन समितिले अध्यावधिक विद्यालय सुधार योजनाको आधारमा आफै प्राथमिकता निर्धारण गरी खर्च गर्न सक्ने गरी विद्यालयलाई प्राप्त हुने अनुदान समेतलाई जनाउनेछ ।

२.३ "**कार्यसम्पादन अनुदान**" भन्नाले विद्यालयले हासिल गरेको उपलब्धिको आधारमा विद्यालयको थप सक्षमता अभिवृद्धि गर्न सशर्त आधारभूत अनुदान तथा एकमुष्ठ अनुदानका अतिरिक्त दिइने थप अनुदानलाई जनाउनेछ ।

नेपाल सरकार शिक्षा मन्त्रालय सिंहदरबार काठमाण्डौं, नेपाल

२.४ **"विज्ञान विषय सञ्चालन गर्ने विद्यालयलाई अनुदान"** भन्नाले कक्षा ११ र १२ मा विज्ञान विषयको अध्यापन गराउने सामुदायिक विद्यालयलाई अन्य अनुदानका अतिरिक्त दिइने थप अनुदानलाई जनाउनेछ ।

२.५ **"प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा सञ्चालन गर्ने विद्यालयलाई अनुदान"** भन्नाले कक्षा ९ देखि प्राविधिक तथा व्यावसायिक विषयको अध्यापन गराउने सामुदायिक माध्यमिक विद्यालयलाई दिइने थप अनुदानलाई जनाउनेछ ।

२.६ **"ऐन"** भन्नाले शिक्षा ऐन, २०२८ (संशोधन सहित) लाई जनाउनेछ ।

२.७ **"नियमावली "** भन्नाले शिक्षा नियमावली, २०५९ (संशोधन सहित) लाई जनाउनेछ।

२.८ **"मन्त्रालय"** भन्नाले शिक्षा मन्त्रालयलाई जनाउनेछ।

२.९ **"विभाग"** भन्नाले शिक्षा विभागलाई जनाउनेछ।

**२.१०** **"नमुना विद्यालय"** भन्नाले नमुना विद्यालय व्यवस्थापन निर्देशिका २०७४ बमोजिम छनौट, विकास तथा व्यवस्थापन भएका विद्यालयलाई जनाउनेछ।

नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाण्डौ, नेपाल

## परिच्छेद २

## उद्देश्य

३. उद्देश्यः यो निर्देशिका विद्यालयलाई दिने अनुदानलाई व्यवस्थित गर्न तथा विद्यालयले विद्यालय सुधार योजना बनाई कार्यान्वयन गर्ने क्रममा विद्यालय व्यवस्थापन र सहयोग गर्ने साझेदारहरुको मार्गदर्शन हुनेछ । यो निर्देशिका जारी गर्नुका उद्देश्यहरु देहाय वमोजिम छन् :

३.१ उपलब्ध स्रोत र साधनको समुचित परिचालनमा विद्यालय व्यवस्थापन समितिलाई जिम्मेबार तथा अधिकार सम्पन्न बनाई गुणस्तरयुक्त शैक्षिक वातावरण तयार गर्न सघाउ पुर्याउनु ।

३.२ विद्यालयस्तरीय सूचकका आधारमा विद्यालय अनुदानलाई विद्यालयको प्रगतिसँग आवद्ध गर्नु ।

३.३ अनुदान पद्धतिका माध्यमबाट विद्यालयलाई सरोकारवालाहरुसँग सहकार्य गरी स्व-मूल्याङ्कन गर्न अभिप्रेरित गर्नु ।

३.४ विद्यालयले प्राप्त गर्ने अनुदानलाइ अनुमानयोग्य र पारदर्शी बनाउनु ।

३.५ विद्यालयमा हुने आर्थिक गतिविधिलाई पारदर्शी बनाई वित्तीय सुशासन कायम गर्नु ।

नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाण्डौ, नेपाल

## परिच्छेद ३

## विद्यालय अनुदानका आधारहरु

४. विद्यालय अनुदानः विद्यालय अनुदान देहाय बमोजिमका हुनेछन् :

४.१ **सशर्त आधारभूत अनुदानः** स्वीकृत दरवन्दीमा कार्यरत शिक्षकहरु, राहत अनुदानमा कार्यरत सबै शिक्षकहरु, प्रारम्भिक बालविकास शिक्षकहरु, विद्यालयमा कार्यरत कर्मचारीहरुको तलब भत्ता सशर्त अनुदानको रुपमा उपलब्ध हुनेछ । यसका साथै निःशुल्क पाठ्यपुस्तक, विभिन्न प्रकारका छात्रवृत्ति, विद्यालय व्यवस्थापन अनुदान तथा समय समयमा विद्यालय भौतिक सुधार सम्बन्धी कार्यक्रमका लागि सशर्त अनुदान उपलब्ध हुनेछ । विद्यालयले प्राप्त गर्ने सशर्त अनुदान सम्बन्धी विवरण तथा आधारहरु अनुसूची १ अनुसार हुनेछ ।

४.२ **एकमुष्ठ अनुदानः** सामुदायिक विद्यालयको सर्वपक्षीय विकासमा सघाउ पुर्याउन तथा विद्यालय सुधार योजना कार्यान्वयनका लागि विद्यार्थी संख्याको आधारमा विद्यालयलाई एकमुष्ट अनुदान उपलब्ध हुनेछ । सरकारबाट कुनै पनि शिक्षक दरवन्दी तथा राहत शिक्षक अनुदान प्राप्त नगरेको विद्यालयले भविष्यमा शिक्षक दरवन्दी तथा राहत शिक्षक अनुदान नलिने गरी विद्यालय सञ्चालन गर्न चाहेमा त्यस्ता विद्यालय सञ्चालनका लागि एकमुष्ट अनुदान उपलब्ध गराउन सकिने छ । साथै कुनै सामुदायिक विद्यालयले विद्यालयमा रहेको शिक्षक दरवन्दी तथा राहत शिक्षक अनुदान फिर्ता गरी एकमुष्ट अनुदानका आधारमा विद्यालय सञ्चालन गर्न चाहेमा त्यस्ता विद्यालयलाई एकमुष्ट अनुदान उपलब्ध गराउन सकिने छ ।

४.२.१ **विज्ञान विषय सञ्चालन गर्ने विद्यालयलाई अनुदानः** कक्षा ११ र १२ मा विज्ञान विषयको अध्यापन गराउने सामुदायिक विद्यालयलाई अन्य अनुदानका अतिरिक्त थप अनुदान उपलब्ध हुनेछ ।

४.२.२ **प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा सञ्चालन गर्ने विद्यालयलाई अनुदानः** कक्षा ९ देखि व्यावसायिक विषयको अध्यापन गर्ने सामुदायिक माध्यमिक विद्यालयलाई अनुसूची ३ अनुसार थप अनुदान उपलब्ध हुनेछ ।

४.२.३ **नमुना विद्यालयलाई प्रबर्तनात्मक कार्य सञ्चालनका लागि अनुदानः** नेपाल सरकारले नमुना विद्यालय भनि निर्णय गरेको विद्यालयलाई विद्यालयले पेस गरेको प्रस्तावका आधारमा प्रबर्तनात्मक कार्य सञ्चालनका लागि थप अनुदान रकम उपलब्ध गराउन सकिने छ ।

४.२.४ **एक जना मात्र शिक्षक भएका तथा बहुकक्षा बहुस्तरमा आधारित शिक्षण सिकाई गर्ने विद्यालयलाई व्यवस्थापन अनुदान** : एक जना मात्र शिक्षक भएका विद्यालय तथा बहुकक्षा

नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

बहुस्तरमा आधारित शिक्षण सिकाई गर्ने विद्यालयलाई सञ्चालन व्यवस्थापनमा थप सहज बनाउन प्रस्तावका आधारमा वार्षिक एकमुष्ट अनुदान उपलब्ध गराईनेछ ।

४.२.५ **बहुभाषिक शिक्षण गर्ने विद्यालयका लागि अनुदान** : नेपाली भाषा सहित अन्य भाषामा समेत अध्यापन गराउने विद्यालयका लागि नियमित अनुदानका अतिरिक्त थप वार्षिक एकमुष्ट अनुदान उपलब्ध गराईनेछ ।

विद्यालयले प्राप्त गर्ने उपरोक्तानुसार उपलब्ध गराईने एकमुष्ट अनुदान सम्बन्धी विवरण तथा आधारहरु अनुसूची २ अनुसार हुनेछ ।

४.३ **कार्यसम्पादनमा आधारित अनुदान**: विद्यालयको सम्पादन गरेको काम र हासिल गरेको उपलव्धीलाइ थप प्रोत्साहित गरी गुणस्तरीय शिक्षाको प्रवर्धनका लागि माथि उल्लेखित अनुदानका अतिरिक्त प्रोत्साहन अनुदान उपलब्ध हुनेछ । विद्यालयको कार्य सम्पादन मापन तथा अनुदान प्राप्त गर्ने आधार अनुसूची ३ अनुसार हुनेछ ।

नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाण्डौ, नेपाल

# परिच्छेद ४

## समिति सम्बन्धी व्यवस्था

५.१ **जिल्लास्तरीय प्राविधिक समिति:** प्रत्येक जिल्लामा विद्यालयमा जाने अनुदान, विद्यालय तथा विद्यार्थी विवरण एकीन गरी जिल्ला शिक्षा अधिकारी समक्ष पेश गर्न देहाय बमोजिमको जिल्लास्तरीय प्राविधिक समिति हुनेछ।

| | | |
|---|---|---|
| उप जिल्ला शिक्षा अधिकारी | - | अध्यक्ष |
| ईञ्जिनियर/सबईञ्जिनियर | - | सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख | - | सदस्य |
| कर्मचारी प्रशासन/खरीद इकाइ प्रमूख सदस्य | - | सदस्य |
| योजना हेर्ने अधिकृत | - | सदस्य सचिव |

उप जिल्ला शिक्षा अधिकारी नभएको जिल्लाहरुमा वरिष्ठतम अधिकृत कर्मचारी अध्यक्ष हुनेछ। योजना हेर्ने उप जिशिअ/अधिकृत अध्यक्ष भन्दा वरिष्ठतम् भएमा सदस्य सचिव जिल्ला शिक्षा अधिकारीले तोके बमोजिम हुनेछ

५.२ **जिल्लास्तरीय प्राविधिक समितिको काम कर्तव्य र अधिकार**

क. विद्यालयहरुबाट प्राप्त निकासा मागदाबी फाराम सत्यापन (Verification) गर्ने।

ख. विद्यालयहरुलाई दिइने अनुदान रकम निकासा दिन सिफारिस गर्ने।

ग. अनुगमनको क्रममा विद्यालयहरुले तोकिए बमोजिम नगरेको पाइएमा नियमित गर्न सुझाव दिने र आवश्यक कारवाहीका लागि सिफारिस गर्ने।

घ. विद्यालयहरुबाट प्राप्त आर्थिक प्रतिवेदनहरुको बिश्लेषण गरी एकीकृत प्रतिवेदन तयार गर्ने

ङ. विद्यालयको सामाजिक परीक्षणहरुको प्रतिवेदन तथा वित्तीय लेखापरीक्षणको प्रतिवेदन बिश्लेषण गरी सुधारको लागि सुझाव पेश गर्ने।

च. विद्यालयये अनुसूची २ को २.४, २.५, २.६, २.७ मा उल्लेखित विषयहरुमा पेश गरेको प्रस्ताव उपर छानविन गरी निकासाको लागि सिफारिस गर्ने।

नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाण्डौं, नेपाल

## परिच्छेद ५

# अनुदान प्राप्त गर्न पुरा गर्नुपर्ने अनिवार्य शर्तहरु

६.१ सशर्त आधारभुत तथा एकमुष्ट अनुदान अनुदान प्राप्त गर्ने प्रत्येक विद्यालयले देहायका कार्यहरु अनिवार्य रुपमा गर्नु पर्नेछः

क. **विद्यालय सुधार योजनाः** प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको शैक्षिक, भौतिक, आर्थिक तथा व्यवस्थापकीय पक्ष सुधारका कार्यक्रम समेटिएको अद्धयावधिक विद्यालय सुधार योजना तयार गर्नु पर्नेछ र प्रत्येक वर्ष अध्यावधिक गर्नुपर्नेछ।

ख. **लेखा परीक्षण तथा सामाजिक परीक्षणः** प्रत्येक विद्यालयले आफ्नो हरेक वर्षको वार्षिक आर्थिक कारोवारको नियमितरुपमा लेखापरीक्षण एवम् विद्यालयको सम्पूर्ण वार्षिक क्रियाकलापहरुको सामाजिक परीक्षण गरी प्रतिवेदन जिल्ला शिक्षा कार्यालयमा पेश गर्नु पर्नेछ। विद्यालयमा निकासा हुने अनुदान रकमलाई लेखापरीक्षण तथा सामाजिक परीक्षणको प्रतिवेदनसँग आवद्ध बनाइने छ।

ग. **विद्यालयको वार्षिक कार्ययोजनाः** विद्यालय सुधार योजनाका आधारमा प्रत्येक विद्यालयले आफ्नो लक्ष्य तथा बजेट सहितको वार्षिक कार्ययोजना तयार गर्नु पर्नेछ।

घ. **प्रतिवेदन सम्प्रेषणः** प्रत्येक विद्यालयले तोकिएका प्रतिवेदनहरु वार्षिक लेखापरीक्षण प्रतिवेदन, सामाजिक परीक्षण प्रतिवेदन, चौमासिक प्रतिवेदनहरु तयार गरी स्रोतकेन्द्र मार्फत जिल्ला शिक्षा कार्यालयमा पेश गर्नु पर्नेछ।

ङ. **तथ्याङ्क व्यवस्थापनः** प्रत्येक विद्यालयले हरेक शैक्षिक सत्रको शुरु तथा अन्तमा तोकिए वमोजिमको शैक्षिक तथ्याङ्क (Flash I and Flash II) भरी स्रोतकेन्द्र मार्फत जिल्ला शिक्षा कार्यालयमा पेश गर्नु पर्नेछ।

**६.२ कार्यसम्पादनमा आधारित अनुदान**

कार्यसम्पादनमा आधारित अनुदान प्राप्त गर्नको लागि अनुसूची ३ मध्ये निम्न सूचकहरुमा न्यूनतम अंक प्राप्त गरेको हुनुपर्नेछ।

क. विद्यार्थीले हासिल गरेको औसत सिकाई उपलब्धी
ख. विद्यालयको आन्तरिक सक्षमताको अवस्था
ग. विद्यालय व्यस्थापन समितिको गठन,
घ. सामाजिक परीक्षण,
ङ. विद्यालय सुधार योजना तथा बार्षिक अद्यावधिकरण,
च. पाठ्यपुस्तकको उपलब्धता,
छ. लेखा परीक्षण,
ज. चौमासिक प्रतिवेदन संप्रेषण,
झ. शिक्षकको उपस्थिति र शिक्षण सिकाई समय परिपालना
ञ. विद्यालयको बार्षिक शैक्षिक योजना निर्माण र कार्यान्वयन

नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरवार, काठमाडौं

# परिच्छेद ६

# अनुदान माग र निकासाको प्रक्रिया

७.	**अनुदान प्राप्त गर्ने सम्बन्धी व्यवस्था**

७.१	स्वमूल्यांकन सम्बन्धी व्यवस्था :

७.१.१	विद्यालयले अनुसूची १ अनुसारको सशर्त आधारभुत अनुदान प्राप्त गर्नका लागि स्रोतकेन्द्रमा विवरण पेश गर्नुपर्नेछ।

७.१.२	विद्यालयले अनुसूची २ अनुसारको एकमुष्ट अनुदान प्राप्त गर्नको लागि स्रोतकेन्द्रमा विवरण पेश गर्नुपर्नेछ।

७.१.३	विद्यालयले अनुसूची ३ अनुसारको कार्यसम्पादनमा आधारित अनुदान प्राप्त गर्नको लागि स्रोत केन्द्रमा विवरण पेश गर्नुपर्नेछ।

उपरोक्तानुसारका सशर्त आधारभुत अनुदान , एकमुष्ट अनुदान र कार्यसम्पादनमा आधारित अनुदान माग गर्नका लागि अनुसुची ४ बमोजिमको फारम प्रयोग गर्नुपर्नेछ।

७.२	स्रोत केन्द्रले मुल्यांकन गर्ने :स्रोत केन्द्रले यसरी विद्यालयले स्वमूल्यांकन गरी पेश गरेको फारम स्थलगत रुपमा आवश्यक कागजात समेत हेरी प्रमाणिकरण गरी विद्यालय निरीक्षक मार्फत जिल्ला शिक्षा कार्यालयको जिल्ला प्राविधिक समिति समक्ष पेश गर्नु पर्नेछ।

७.३	जिल्ला प्राविधिक समितिले मुल्यांकन गर्ने :यस निर्देशिकामा उल्लेखित जिल्ला प्राविधिक समितिले स्रोत केन्द्रबाट प्रमाणिकरण भइ प्राप्त भएको विद्यालयको स्वमुल्यांकन फारमलाई जिल्ला प्राविधिक समितिले मुल्यांकन गरी औचित्यता तथा केही विद्यालयको नमूना अवलोकन समेत गरी जिल्ला शिक्षा अधिकारी समक्ष अनुदान निकासाको लागि सिफारिस गर्नु पर्नेछ।

७.४	वातावरणीय तथा सामाजिक प्रभावको लेखाजोखा गर्ने : नियमित मर्मत सम्भारबाहेक भौतिक पूर्वाधार सम्वन्धी अनुदान माग गर्ने विद्यालयले भौतिक पूर्वाधार विकास सम्बन्धी वातावरणीय पक्ष, Environment Management Framework (EMF) तथा सामाजिक पक्षमा पर्ने प्रभाव, Social Management Framework (SMF) को विश्लेषण समेत पेश गर्नु पर्नेछ। उक्त कार्यका लागि जिल्ला शिक्षा कार्यालय वा स्थानीय तहको शिक्षा हेर्ने निकायबाट प्राविधिक सहयोग हुनेछ।

७.५	अनुदान निकासा दिने: जिल्ला प्राविधिक समितिले गरेको सिफारिसका आधारमा जिल्ला शिक्षा कार्यालयले अनुदानको शिर्षक खोली सम्बन्धित विद्यालयको खातामा निकासा गर्नुपर्नेछ। यसरी निकासा गरिएको अनुदानको जानकारी सम्वन्धित विद्यालय, क्षेत्रीय शिक्षा निर्देशनालय र विभागलाई दिनु पर्नेछ।

नेपाल सरकार शिक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

७.५ **अनुदान खर्च गर्ने** :

७.५.१ विद्यालयले प्राप्त गरेको सशर्त अनुदान तथा एकमुष्ठ अनुदानको रकम विद्यालयले सम्वन्धित शिर्षकमा नै खर्च गर्नुपर्नेछ ।

७.५.२ विद्यालयले निश्चित सूचकको आधारमा प्राप्त गरेको कार्यसम्पादनमा आधारित अनुदान को रकम विद्यलायको शिक्षण सिकाइ, शिक्षण सामग्री तथा विद्यालयको विकासमा प्रयोग गर्नु पर्नेछ । यस्तो अनुदान विद्यालयको भौतिक पूर्वाधार विकासको लागि खर्च गर्न पाइने छैन ।

७.५.३ विद्यालयमा प्राप्त अनुदानको खर्चको चौमासिक प्रतिवेदन जिल्ला शिक्षा कार्यालयमा पेश गर्नुपर्नेछ ।

नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाण्डौ, नेपाल

## परिच्छेद ७

# विभिन्न निकायहरुको भूमिका

८. **विद्यालय अनुदान व्यवस्थापन**: विद्यालयमा जाने अनुदानको प्रभावकारी एवं दक्षतापूर्ण उपयोगका लागि विभिन्न निकायहरुको दायित्व देहाय अनुसारको हुनेछ।

**८.१ शिक्षा विभाग:**

क. यस निर्देशिका अनुसार विद्यालयले पाउने अनुदान रकम निर्धारण तथा विद्यालयसम्म प्रवाह गर्ने प्रवन्ध मिलाउने।

ख. विद्यालयले प्राप्त गर्ने अनुदान सम्बन्धमा स्थानीय तहको शिक्षा कार्यालयलाई आवश्यक मार्गदर्शन गर्ने

ग. विद्यालय अनुदान व्यवस्थापनलाई प्रभावकारी बनाउन स्थानीय तह तथा विद्यालयस्तरको क्षमता अभिवद्धिमा सहजीकरण गर्ने।

घ. यस निर्देशिका उल्लेखित अनुसूचीहरुमा उल्लेख गरिएका बिद्यालय अनुदान सम्बन्धि व्यवस्था प्रचलित नियमानुसार परिमार्जन गर्ने।

**८.२ जिल्ला शिक्षा कार्यालय /स्थानीय तहको शिक्षा हेर्ने निकाय**

क. यस निर्देशिका वमोजिम अनुदान प्राप्त गर्ने विद्यालय तथा विद्यार्थीको विवरण अध्यावधिक गर्ने,

ख. विद्यालयले प्राप्त गर्ने अनुदानको एकीन गर्ने,

ग. विद्यालयमा जाने अनुदान समयमै निकासा गर्ने,

घ. विद्यालयमा निकासा भएको अनुदान तथा खर्च गर्ने आधारहरु विद्यालयलाई उपलब्ध गराउने र सो को सार्वजनिक गरी सरोकारवालाहरुलाई सुसूचित गर्ने,

ङ. वातावरणीय तथा सामाजिक प्रभावको लेखाजोखाका लागि प्राविधिक सहयोग उपलब्ध गराउने।

च. निकासा भएको अनुदान तोकिएको कार्यमा तोकिए वमोजिम उपयोग भएको छ छैन सोको अनुगमन गरी नियमित रुपमा सम्बन्धित निकायमा सो प्रतिवदेन गर्ने।

**८.४ बिद्यालय निरीक्षक:**

क. विद्यालयको शिक्षण सिकाईको सुपरीवेक्षणका अतिरिक्त आफ्नो क्षेत्र अन्तर्गतका विद्यालयमा निकासा हुने अनुदान रकम तोकिएको क्रियाकलापमा उपयोग भएको छ वा छैन सोको अनुगमन गर्ने,

ख. विद्यालयले माग गरेको आधारभूत अनुदान, एकमुष्ठ अनुदान, कार्यसम्पादनमा आधारित अनुदान, लगायतका अनुदानकोलागि विद्यालयको तथ्याङ्कका आधारमा प्रमाणीकरण गरी सिफारिस सहित स्रोतकेन्द्रले पेश गरेका बिद्यालयहरुको अनुदान संबन्धि बिबरण रुजु गरि सिफारिस सहित



नेपाल सरकार शिक्षा मन्त्रालय काठमाण्डौ, नेपाल

स्थानीय तहको जिल्ला हेर्ने अधिकारी समक्ष पेश गर्ने जिम्मेवारी हुनेछ। यसरी प्राप्त बिबरण रुजुगर्दा आवश्यक देखिएमा पुनः रुजु गर्नु पर्नेछ।

**८.५ स्रोतकेन्द्रः**

क. विद्यालयको शिक्षण सिकाईको सुपरीवेक्षणका अतिरिक्त विद्यालयमा निकासा हुने अनुदान रकम तोकिएको क्रियाकलापमा उपयोग भएको छ वा छैन सोको अनुगमन गर्ने,

ख. विद्यालयले माग गरेको आधारभूत अनुदान, एकमुष्ठ अनुदान, कार्यसम्पादनमा आधारित अनुदान लगायतकाअनुदानको लागि विद्यालयको तथ्याङ्कका आधारमा रुजु गरी सिफारिससहित आफ्नो क्षेत्रको बिद्यालय निरीक्षक मार्फत स्थानीय तहको शिक्षा हेर्ने अधिकारी समक्ष पेश गर्ने जिम्मेवारी स्रोतकेन्द्रको हुनेछ।

**८.६ विद्यालय व्यवस्थापन समितिः**

क. विद्यालय सञ्चालनका लागि आवश्यक स्रोत जुटाउने तथा परिचालन गर्ने,

ख. वार्षिक योजना अनुरुप सञ्चालन हुने क्रियाकलापहरुको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने

ग. नियमावलीमा तोकिएको ढाँचामा लेखा राखी नियमित लेखा परीक्षण गराउने।

**८.७ शिक्षक अभिभावक संघः**

विद्यालयले वार्षिकरुपमा कार्यान्वयन गरेको कार्यक्रमहरुको प्रभावकारिता अभिवृद्धि गर्नुका साथै प्राप्त अनुदानको सदुपयोगका लागि सामाजिक परीक्षण गर्ने दायित्व शिक्षक अभिभावक संघको हुनेछ।

**८.८ प्रधानाध्यापकः**

क. विद्यालयको वार्षिक योजना तयार गर्ने,

ख. विद्यालयको वार्षिक योजना तथा अनिवार्य दायित्व अन्तर्गतका शशर्त,एकमुष्ट तथा कार्यसम्पादनमा आधारित अनुदान माग गर्ने,

ग. विद्यालयलाई प्राप्त अनुदान/रकमआफ्नो वार्षिक योजना अनुसार तोकिएका कार्यक्रममा खर्च गर्ने,

घ. विद्यालयको सबै आर्थिक कारोवारको नियमावलीले तोकेको ढाँचामा लेखा राख्ने,

ङ. वार्षिकरुपमा लेखापरीक्षण तथा सामाजिक परीक्षण गराउने र नियमितरुपमा जिल्ला शिक्षा कार्यालयमा प्रतिवेदन वुझाउने दायित्व विद्यालयका प्रधानाध्यापकको हुनेछ।

नेपाल सरकार शिक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

## परिच्छेद ८

## विविध

८.१ **अनुसूची संशोधन गर्ने अधिकार :** यस निर्देशिकामा रहेका अनुसुचीहरु शिक्षा विभागले स्वीकृत वजेट तथा कार्यक्रम, आवश्यकता र औचित्यताको आधारमा संशोधन गर्न सक्नेछ ।

८.२ **खारेजी र बचाउ** :

(क) विद्यालय अनुदान कार्यान्वयन निर्देशिका, २०६३ खारेज गरिएको छ ।

(ख) विद्यालय अनुदान कार्यान्वयन निर्देशिका, २०६३ बमोजिम भए गरेका काम कारबाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाण्डौ, नेपाल

## अनुसूची १

## सशर्त आधारभूत अनुदान

**१. शिक्षक तलब भत्ता**

१.१ स्थायी शिक्षक

| क्रसं | तह | श्रेणी | न्यूनतम स्केल | ग्रेडरकम समायोजित | दुर्गम भत्ता | चाडपर्व खर्च | क सं कोष | बीमा | पोशाक | महंगी भत्ता |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत प्राथमिक | प्रथम श्रेणी | ३०५०० | १०१७ | अनुसूची ५ मा संलग्न भएअनुसारको दुर्गम भत्ता क ख ग र घ जिल्ला ( ६ कोष भित्र र बाहिर ) | एक महिनाको न्युनतम तलब | न्युनतम तलबको १० प्रतिशत | प्रतिमहिना २०० | प्रतिवर्ष ७५०० | प्रतिमहिना १००० |
| २ | आधारभूत प्राथमिक | दितीय श्रेणी | २३५०० | ७८३ | | | | | | |
| ३ | आधारभूत प्राथमिक | तृतीय श्रेणी | २२१७० | ७३९ | | | | | | |
| १ | आधारभूत/ निम्नमाध्यमिक | प्रथम श्रेणी | ३२१०० | १०७० | | | | | | |
| २ | आधारभूत/ निम्नमाध्यमिक | दितीय श्रेणी | ३०५०० | १०१७ | | | | | | |
| ३ | आधारभूत/ निम्नमाध्यमिक | तृतीय श्रेणी | २३५०० | ७८३ | | | | | | |
| १ | माध्यमिक | प्रथम श्रेणी | ४०१५० | १३३८ | | | | | | |
| २ | माध्यमिक | दितीय श्रेणी | ३४२२० | ११४१ | | | | | | |
| ३ | माध्यमिक | तृतीय श्रेणी | ३०५०० | १०१७ | | | | | | |

नोट – नेपाल सरकारबाट तलबमानमा भएको परिवर्तन अनुसार तलब तथा सुबिधा स्वतः हेरफेर भएको मानिनेछ।



नेपाल सरकार शिक्षा मन्त्रालय ...बार, काठमाण्डौ, नेपाल

१.२ शिक्षक तलब (अस्थायी शिक्षक)

| क्रसं | तह | श्रेणी | न्युनतम तलब | दुर्गम भत्ता<br>क ख ग र घ जिल्ला ( ६ कोष भित्र र बाहिर ) अनुसूचीमा संलग्न | चाडपर्व खर्च<br>एक महिनाको न्युनतम तलब | महंगी भत्ता<br>प्रतिमहिना<br>१००० |
|---|---|---|---|---|---|---|
| १ | आधारभूत (कक्षा १ देखि ५) | तृतीय श्रेणी | २२१७० | | | |
| २ | आधारभूत (कक्षा ६ देखि ८) | तृतीय श्रेणी | २३५०० | | | |
| ३ | माध्यमिक (कक्षा ९ र १०) | तृतीय श्रेणी | ३०५०० | | | |
| ४ | माध्यमिक (कक्षा ११ र १) | | ३४२२० | | | |

नोट – नेपाल सरकारबाट तलबमानमा भएको परिवर्तन अनुसार तलब तथा सुबिधा स्वतः हेरफेर भएको मानिनेछ।

**१.३ शिक्षक तलब (राहत शिक्षक, स्रोतव्यक्तिको सट्टामा कार्यरत)तथा प्रारम्भिक बालविकास शिक्षक**

| क्रसं | तह | श्रेणी | न्युनतम तलब मासिक | दुर्गम भत्ता अध्यापकका लागि मात्र | चाडपर्व खर्च<br>एक महिनाको न्युनतम तलब | प्राविधिक भत्ता |
|---|---|---|---|---|---|---|
| १ | आधारभूत कक्षा (१ देखि ५) | तृतीय श्रेणी | २२१७० | | | |
| २ | आधारभूत कक्षा (६ देखि ८) | तृतीय श्रेणी | २३५०० | | | |
| ३ | माध्यमिक कक्षा (९ देखि १०) | तृतीय श्रेणी | ३०५०० | | | |



नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाण्डौं, नेपाल

| क्रसं | तह | श्रेणी | न्युनतम तलब मासिक | दुर्गम भत्ता अध्यापकका लागि मात्र | चाडपर्व खर्च एक महिनाको न्युनतम तलब | प्राविधिक भत्ता |
|---|---|---|---|---|---|---|
| ४ | माध्यमिक शिक्षक (कक्षा ११ र १२) | तृतीय श्रेणी | ३४२२० | | | ३००० |
| ५ | प्रशिक्षक (माध्यमिक) | तृतीय श्रेणी | ३०५०० | | | ३००० |
| ६ | सहायक प्रशिक्षक आधारभूत (६ देखि ८) | तृतीय श्रेणी | २३५०० | | | ३००० |
| ७ | बालविकास सहजकर्ता | | ६००० | | | |
| ८ | प्रधानाध्यापक भत्ता | प्र अ माध्यमिक तह रु ५००, प्र अआधारभूत )कक्षा १ देखि ८ (रु ३०० र प्र अ आधारभूत )कक्षा १ देखि ५ ( रु २०० | | | | |

नोट – नेपाल सरकारबाट तलबमानमा भएको परिवर्तन अनुसार तलब तथा सुबिधा स्वतः हेरफेर भएको मानिनेछ।

## २ पाठ्यपुस्तक

| कक्षा / विवरण | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कक्षा ९ | कक्षा १० | कक्षा ११ र १२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिसेट मूल्य | २७०।६० | २६१।८० | १५८ | २०५।२५ | २२२।२५ | ४०९।२० | ४५७।२० | ४९३।२० | ३५०।६० अनिवार्य विषय तथा २ वटा इच्छाधीन विषयको लागि | ६।१०अनिवार्य विषय तथा २ वटा इच्छाधीन विषयको लागि | छात्रा सुबिधाविहीन तथा कर्णाली अञ्चलका छात्रा छात्रका लाग पुस्तकालय मार्फत पाठ्पुस्तक रु ५०००० प्रति विद्यालय |

नोट – पाठ्यक्रम बिकास केन्द्रले समय समयमा अद्यावधिक गरी स्वीकृत भएको नयाँ दर रेट स्वतः कायम भएको मानिनेछ।



नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाण्डौं नेपाल

**३ छात्रवृत्ति**

३.१ छात्रवृत्ति (गैर आवासीय)

| क्रसं | तह एकाइ लागत | आधारभूत शिक्षा | | माध्यमिक शिक्षा | |
|---|---|---|---|---|---|
| | | कक्षा१-५ | कक्षा६-८ | कक्षा९-१० | कक्षा११-१२ |
| १ | दलित छात्रवृत्ति | ४०० प्रति व्यक्ति प्रति वर्ष | ४०० प्रति व्यक्ति प्रति वर्ष | ५०० प्रति व्यक्ति प्रति वर्ष | |
| २ | छात्रा(कर्णालीअंचल बाहेक) | ४०० प्रति व्यक्ति प्रति वर्ष | ४०० प्रति व्यक्ति प्रति वर्ष | | |
| | छात्रा (कर्णाली अंचल) | १००० प्रति व्यक्ति प्रति वर्ष | १५०० प्रति व्यक्ति प्रति वर्ष | | |
| ३ | शहीदका छोराछोरी | १२००० प्रति व्यक्ति प्रति वर्ष (१००० प्रति महिना) | १८००० प्रति व्यक्ति प्रति वर्ष (१५०० प्रति महिना) | २४००० प्रति व्यक्ति प्रति वर्ष (२००० प्रति महिना) | २४००० प्रति व्यक्ति प्रति वर्ष(२००० प्रति महिना) |
| ४ | द्वन्द्व पीडित | १०,००० प्रति व्यक्ति प्रति वर्ष | १२००० प्रति व्यक्ति प्रति वर्ष | १४००० प्रति व्यक्ति प्रति वर्ष | १६००० प्रति व्यक्ति प्रति वर्ष |
| ५ | अपांग छात्रवृत्ति (क वर्ग-आवासीय) | वार्षिक रु ४०००० | | | |
| ६ | अपांग छात्रवृत्ति (ख वर्ग) | ५०० प्रति महिना (१० महिना) | | | |
| ७ | अपांग छात्रवृत्ति (ग वर्ग) | ३०० प्रति महिना (१० महिना) | | | |



नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरवार, काठमाडौं, नेपाल

| क्रसं | तह एकाइ लागत | आधारभूत शिक्षा | | माध्यमिक शिक्षा | |
|---|---|---|---|---|---|
| | | कक्षा१-५ | कक्षा६-८ | कक्षा९-१० | कक्षा११-१२ |
| ८ | अपांग छात्रवृत्ति (घ वर्ग) | ५०० प्रति वर्ष | | | |
| ९ | कम्हलरी | १५००० प्रति व्यक्ति प्रति वर्ष (१५०प्रति महिना) | १८०० प्रति व्यक्ति प्रति वर्ष (१८०प्रति महिना) | ५००० प्रति व्यक्ति प्रति वर्ष (५०० प्रति महिना) | |
| १० | अति गरीब लक्षित छात्रवृत्ति कक्षा ९ -१२ *(नयां प्रस्तावित)* | | | १८ हजार प्रति वर्ष | |
| ११ | कक्षा ११-१२ विज्ञान *(नयां प्रस्तावित)* | | | २४ हजार प्रति वर्ष | |
| १२ | रामनारायण मिश्र छात्रवृत्ति कक्षा ११- १२ | | | ३००० प्रति व्यक्ति प्रति वर्ष | |

नोट – छात्रवृति वितरण प्रक्रिया विद्यालय छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७४ बमोजिम हुने छ।

१.३.२ आवासीय

| क्रसं | तह | आवासीय छात्रवृत्ति तथा व्यवस्थापन खर्च | |
|---|---|---|---|
| | | छात्रवृत्ति | छात्रबास सञ्चालन खर्च |
| | | ४० हजार प्रति वर्ष प्रति व्यक्ति | |
| १ | अपांग छात्रवृत्ति आवासीय | | २० जना विद्यार्थीको समूहका लागि वार्षिक रु २५०००० । अनुदान |
| ३ | कम्हलरी आवासीय | | |
| 3 | होस्टेलर छात्रवृत्ति ( हिमाली, फिडर, मोडेल) | | |
| 4 | | | |

नोट – छात्रवृति वितरण प्रक्रिया विद्यालय छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७४ बमोजिम हुने छ।



नेपाल सरकार शिक्षा मन्त्रालय सिंहदरबार, काठमाण्डौं नेपाल

## १.४. विद्यालय सञ्चालन खर्च

| विद्यालयको किसिम | न्युनतम | प्रति विद्यार्थी थप |
|---|---|---|
| पूर्व प्राथमिक कक्षा | ५००० | रु १०० |
| कक्षा ०-३ सञ्चालित विद्यालय | ७५०० | रु १०० |
| कक्षा ०-५ सञ्चालित विद्यालय | १०००० | रु १०० |
| कक्षा ०-८ सञ्चालित विद्यालय | १५००० | रु ५० |
| कक्षा ०- १०, ६-१०, ६-१२ and ९-१२ सञ्चालित विद्यालय | २०००० | रु ५० |
| कक्षा ०-१२ सञ्चालित विद्यालय | २५००० | रु ५० |

नोट विद्यार्थी संख्याको आधारमा थप हुने रकम तहगत विद्यार्थी संख्याको आधारमा कायम हुनेछ ।

## १.५. विद्यालय कर्मचारी

| विद्यालयको प्रकार |
|---|
| कक्षा १-१२ सञ्चालित विद्यालय ( १ जना विद्यालय कर्मचारी र १ जना विद्यालय सहयोगीका लागि अनुदान) |
| कक्षा १-१० सञ्चालित विद्यालय ६-१० र ९ १२ समेत ( १ जना विद्यालय कर्मचारी र १ जना विद्यालय सहयोगीका लागि अनुदान) |



नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

| विद्यालयको प्रकार |
|---|
| कक्षा १- ८ सञ्चालित विद्यालय ( १ जना विद्यालय सहयोगीका लागि अनुदान) |
| कक्षा १- ५ सञ्चालित विद्यालय ( १ जना विद्यालय सहयोगीका लागि अनुदान) |

नोट:- विद्यालय कर्मचारी तथा सहयोगीको पारिश्रमिक वार्षिक कार्यक्रममा उल्लेख भएअनुसार हुनेछ ।

१.६ भौतिक बिस्तार (पटके सहयोग)

| पूर्वाधार | कक्षाकोठा (प्रति कोठा) | प्रयोगशाला र फिक्सिङ | पुस्तकालय कक्ष तथा फिक्सिङ | ICT Lab कक्षा तथा फिक्सिङ | कम्पाउन्ड वाल | वास सुविधा सहितको शौचालय छात्र तथा छात्रा | नमुना विद्यालय |
|---|---|---|---|---|---|---|---|
| दर | ८००००० | १३००००० | १३००००० | १३००००० | प्राविधिक कर्मचारीद्वारा इष्टिमेट गरिएको रकमको ५० प्रतिशत नेपाल सरकारबाट सहयोग हुने | ४००००० | स्वीकृत ड्रइङ डिजाइन तथा लागत अनुमान अनुसार |



नेपाल सरकार शिक्षा मन्त्रालय सिंहदरबार, काठमाण्डौ, नेपाल

## अनुसूची २

## एकमुष्ठ अनुदान

२.१ सिकाइ वातावरण सुधारका लागि अनुदान (विद्यालय सुधार योना-SIP मा आधारित)

| विद्यालयको प्रकार | ५० जनासम्म विद्यार्थी | ५१ देखि १०० विद्यार्थी | १०१ देखि २०० विद्यार्थी | २०१ देखि ३०० विद्यार्थी | ३०१ देखि ५०० विद्यार्थी | ५०१ देखि ८०० विद्याथी | ८०१ देखि १२०० विद्यार्थी | १२०० भन्दा माथि विद्यार्थी |
|---|---|---|---|---|---|---|---|---|
| कक्षा ० देखि ३ सम्म सञ्चालित विद्यालय | ३०००० | ३५००० | ४०००० | ४५००० | | | | |
| कक्षा ० देखि ५ सम्म सञ्चालित विद्यालय | ३५००० | ४०००० | ४५००० | ५०००० | ५५००० | | | |
| कक्षा ० देखि ८ सम्म सञ्चालित विद्यालय | | ४५००० | ५०००० | ५५००० | ६०००० | ७५००० | | |
| कक्षा ० देखि १०, ६ देखि १०, ६ देखि १२ र ९ देखि १२ सञ्चालित विद्यालय | | | ७५००० | ८५००० | १००००० | १२०००० | १५०००० | २००००० |
| कक्षा ० देखि १२ सञ्चालित विद्यालय | | | | १२०००० | १५०००० | २००००० | २८०००० | ३५०००० |
| | | | | | | | | |



नेपाल सरकार शिक्षा मन्त्रालय सिंहदरबार, काठमाण्डौ नेपाल

२.२ कुनै पनि तहमा शिक्षक तथा कर्मचारी अनुदान नपाउने विद्यालय*

| विद्यार्थी संख्या / अनुदान | कक्षा ० देखि ३ सम्म सञ्चालित विद्यालय | कक्षा ० देखि ५ सम्म सञ्चालित विद्यालय | कक्षा ० देखि ८ सम्म सञ्चालित विद्यालय | कक्षा ० देखि १२ सञ्चालित विद्यालय | कक्षा ६ देखि १० सञ्चालित विद्यालय | कक्षा ६ देखि १२ सञ्चालित विद्यालय | कक्षा ९ देखि १२ सञ्चालित विद्यालय |
|---|---|---|---|---|---|---|---|
| शिक्षक तलब तथा सुबिधा | ७५०००० | ११२५००० | ३२५०००० | ६२५०००० | ३०९२००० | ३०९२००० | ३०९२००० |
| विद्यालय कर्मचारी तलब तथा सुबिधा | २००००० | २५०००० | ५५०००० | १०५०००० | ८०५००० | ८०५००० | ८०५००० |
| व्यवस्थापन सहयोग अनुदान | ५०००० | ७५००० | १००००० | २००००० | १५०००० | १५०००० | १५०००० |

* कुनै पनि तहमा शिक्षक तथा कर्मचारी तलब सुबिधा अनुदान प्राप्त नगरेका विद्यालयका लागि। विद्यालय संचालन अनुदान प्राप्त गरिरहेका बिद्यालयले व्यस्थापन सहयोग अनुदान प्राप्त गरे पश्चात विद्यालय संचालन अनुदान कटौती हुनेछ।



नेपाल सरकार शिक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

२.३. प्राविधिक तथा विज्ञान विषय अध्यापन गराउने माध्यमिक विद्यालयका लागि अनुदान

| क्रसं | कार्यसम्पादन सूचक | ४० जना सम्म विद्यार्थी | ४१ देखि ६० जना विद्यार्थी | ६१ देखि ८० जना विद्यार्थी | ८१ देखि १०० जना विद्यार्थी | १०१ भन्दा माथि विद्यार्थी |
|---|---|---|---|---|---|---|
| १ | कक्षा ११ र १२ विज्ञान विषय अध्यापन गराउने विद्यालय | २००००० | २५०००० | ३००००० | ३५०००० | ४००००० |
| २ | कक्षा ९ देखि १२ सम्म कम्प्युटर विषय अध्यापन गराउने विद्यालय | १००००० | ११५००० | १२५००० | १३५००० | १५०००० |
| 3 | प्राविधिक धार सञ्चालन गर्ने विद्यालय | ४२५००० | ४५०००० | ५००००० | ५५०००० | ६००००० |
| ४ | प्रशिक्षक तथा ल्याव व्याइको लागि तलव अनुदान | | | | | |

२.४ नमुना बिद्यालयका लागि अनुदान : यस प्रकृतिका विद्यालयलाई विद्यालय विकास योजना का आधारमा थप अनुदान उपलब्ध गराइनेछ।

२.५ एक जना मात्र शिक्षक भएका तथा बहुकक्षा बहुस्तरमा आधारित शिक्षण सिकाई गर्ने विद्यालयलाई व्यवस्थापन अनुदान: यस प्रकृतिका विद्यालयलाई प्रस्तावका आधारमा बढीमा ५० हजार प्रति वर्ष उपलब्ध गराईनेछ।

२.६ बहुभाषिक शिक्षण गर्ने विद्यालयका लागि अनुदान: नेपाली भाषा सहित अन्य भाषाबाट अध्यापन गराउने बहुभाषिक विद्यालयका लागि बढीमा ५० हजार प्रति वर्ष थप अनुदान उपलब्ध गराईनेछ।



नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाण्डौं, नेपाल

## अनुसूची ३

## कार्यसम्पादन अनुदान

३.

| क्षेत्र | कार्यसम्पादन सूचक | विद्यालयको स्व मूल्यांकन | विद्यालय निरीक्षक वा स्रोतव्यक्तिको मुल्यांकन | जिल्लास्तरीय प्राविधिक समितिबाट सिफारिस समितिबाट प्रमाणिकरण गरिएको प्राप्तांक | अंक दिने आधार | अंकभार |
|---|---|---|---|---|---|---|
| विद्यालय व्यवस्थापन (१३) | क) विद्यालय व्यवस्थापन समितिको गठन, बैठक तथा निर्णय कार्यान्वयन | | | | शिक्षा नियमावली अनुसार विद्यालय व्यवस्थापन समितिको गठनभएको भए १, बैठकको १ तथा निर्णय कार्यान्वयन २ | ४ |
| | ख) शिक्षक अभिभावक संघको गठन, बैठक तथा निर्णय कार्यान्वयन | | | | शिक्षक अभिभावक संघको गठन भएको भए १, बैठक १ तथा निर्णय कार्यान्वयन १ | ३ |
| | ग) बाल क्लवको गठन तथा परिचालन | | | | बाल क्लवको गठन १, तथा परिचालन १ | २ |
| | घ) अभिभावक भेला र सुझाव कार्यान्वयन | | | | अभिभावक भेला १ र सुझाव कार्यान्वयन १ | २ |



नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाण्डौ, नेपाल

| क्षेत्र | कार्यसम्पादन सूचक | विद्यालयको स्व मूल्यांकन | विद्यालय निरीक्षक वा स्रोतव्यक्तिको मुल्यांकन | जिल्लास्तरीय प्राविधिक समितिबाट सिफारिस समितिबाट प्रमाणिकरण गरिएको प्राप्तांक | अंक दिने आधार | अंकभार |
|---|---|---|---|---|---|---|
| | ङ) विद्यालय सुधार योजना कार्यान्वयनका लागि स्थानीय निकाय,संघसस्थाहरु सगँको सहकार्य | | | | विद्यालय सुधार योजना कार्यान्वयनका लागि स्थानीय निकाय, संघसस्थाहरु सगँ सझौता गरी सहकार्य गरेको १ र प्रगति अभिलखीकरण गरेको १ | २ |
| विद्यालयको बार्षिक शैक्षिक योजना (५) | (क) बार्षिक कार्ययोजनाको निर्माण तथा कार्यान्वयन | | | | बार्षिक कार्ययोजनाको निर्माण १ तथा कार्यान्वयन २ | ३ |
| | ख) बार्षिक शैक्षणिक योजनाको निर्माण तथा कार्यान्वयन | | | | प्रत्येक शिक्षकले बार्षिक शैक्षिक योजनाको निर्माण गरेको भए १ तथा कार्यान्वयन १ | २ |
| विद्यालय सुधार योजना (५) | क) विद्यालय सुधार योजनाको निर्माण र बार्षिक अद्यावधिकरण | | | | विद्यालय सुधार योजनाको निर्माण २,बार्षिक अद्यावधिकरण १ | ३ |
| | ख) विद्यालय सुधार योजनाको आधारमा बार्षिक विद्यालय कार्य योजनाको निर्माण र | | | | विद्यालय सुधार योजनाको आधारमा बार्षिक विद्यालय सुधार योजनाको निर्माण १ र कार्यान्वयन १ | २ |



नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरवार, काठमाण्डौं, नेपाल

| क्षेत्र | कार्यसम्पादन सूचक | विद्यालयको स्व मूल्यांकन | विद्यालय निरीक्षक वा स्रोतव्यक्तिको मुल्यांकन | जिल्लास्तरीय प्राविधिक समितिबाट सिफारिस समितिबाट प्रमाणिकरण गरिएको प्राप्तांक | अंक दिने आधार | अंकभार |
|---|---|---|---|---|---|---|
| | कार्यान्वयन | | | | | |
| सुशासन र पारदर्शीता (१४) | क) नियमित रुपमा सामाजिक परीक्षण गरि प्रतिवेदन बुझाएमा | | | | सामाजिक परीक्षण गरि प्रतिवेदन बुझाएमा ५ | ५ |
| | ख) नियमित रुपमा लेखा परीक्षण गरि प्रतिवेदन बुझाएमा | | | | लेखा परीक्षण गरि प्रतिवेदन बुझाएमा ३ | ३ |
| | ग) सुचनापाटीको व्यवस्था र प्रयोग | | | | सुचनापाटीको व्यवस्था १ र प्रयोग १ | २ |
| | (घ) चौमासिक प्रतिवेदन संप्रेषण | | | | चौमासिक प्रतिवेदन संप्रेषण २ | २ |
| | (ङ) विद्यार्थी, शिक्षक आचारसंहिता निर्माण र प्रयोग | | | | विद्यार्थी आचारसंहिता निर्माण र प्रयोग १, शिक्षक आचारसंहिता निर्माण र प्रयोग १ | २ |
| न्युनतम सिकाई | (क) कक्षागत बुककर्नरको व्यवस्था | | | | सबै कक्षामा बुककर्नरको व्यवस्था भएमा १ | १ |



नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाण्डौ, नेपाल

| क्षेत्र | कार्यसम्पादन सूचक | विद्यालयको स्व मूल्यांकन | विद्यालय निरीक्षक वा स्रोतव्यक्तिको मुल्यांकन | जिल्लास्तरीय प्राविधिक समितिबाट सिफारिस समितिबाट प्रमाणिकरण गरिएको प्राप्तांक | अंक दिने आधार | अंकभार |
|---|---|---|---|---|---|---|
| वातावरण (११) | (ख) शिक्षण समय तालिका अनुसार शिक्षकको व्यवस्थापन | | | | शिक्षण समय तालिका अनुसार शिक्षकको व्यवस्थापन भएमा (साप्ताहिक कार्यतालिका रुटिन) १ | १ |
| | (ग) सबै विद्यार्थीहरुलाई सेटमा पाठ्यपुस्तकको उपलब्धता | | | | सबै विद्यार्थीहरुलाईं शिक्षा नियमावलीले तोकेको समय सीमा भित्र सेटमा पाठ्यपुस्तकको उपलब्धता भएमा २ | २ |
| | घ) पाठ्यक्रमले निर्धारित गरेका उद्देश्य पुरा हुने गरी अतिरिक्त क्रियाकलापको सञ्चालन | | | | अतिरिक्त क्रियाकलाप सञ्चालनको अभिलेखीकरण भएको २ | २ |
| | (ङ) शैक्षिक सामग्रीको उपलब्धता र प्रयोग | | | | शैक्षिक सामग्रीको उपलब्धता १ र प्रयोग १ | २ |
| | च) विशेष आवश्यकता भएका बालवालिकाहरुको लागि विद्यालयमा पहुँच र सिकाइ वातावरको | | | | विभागले तोकको मापदण्ड अनुसार विशेष आवश्यकता भएका बालवालिकाहरुको लागि विद्यालयमा पहुँच र सिकाइ वातावरको समुचित व्यवस्थापन १, | १ |



नेपाल सरकार शिक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं नेपाल

| क्षेत्र | कार्यसम्पादन सूचक | विद्यालयको स्व मूल्यांकन | विद्यालय निरीक्षक वा स्रोतव्यक्तिको मुल्यांकन | जिल्लास्तरीय प्राविधिक समितिबाट सिफारिस समितिबाट प्रमाणिकरण गरिएको प्राप्तांक | अंक दिने आधार | अंकभार |
|---|---|---|---|---|---|---|
| | समुचित व्यवस्थापन, | | | | | |
| | छ) लैंङ्गिक मैत्री, बाल मैत्री वातावरणको विकास | | | | विभागले तोकेको न्युनतम मापदण्ड अनुसार लैंङ्गिक मैत्री, बाल मैत्री वातावरणको विकास २ | २ |
| शिक्षण सिकाइ समय परिपालना (३) | क) विद्यालय खुलेको दिन | | | | शिक्षा नियमावलीमा तोकिए अनुसार विद्यालय खुलेको दिनको अभिलेखीकरण विद्यार्थी हाजिर पुस्तिकामा अद्यावधिक भएमा १ | १ |
| | ख) शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन भएको दिन | | | | शिक्षा नियमावलीमा तोकिए अनुसार शिक्षण सिकाइ क्रियाकलापको अभिलेखीकरण विद्यार्थी हाजिर पुस्तिकामा अद्यावधिक भएमा २ | २ |
| विद्यार्थी मूल्यांकन तथा सिकाइ | क) पाठ्यक्रमले तोके अनुसार आवधिक परीक्षा सञ्चालन र विध्यार्थीलाई | | | | पाठ्यक्रमले तोके अनुसार आवधिक परीक्षा सञ्चालन र विध्यार्थीलाई लिखित पृष्ठपोषण गरेमा २ | २ |



नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाण्डौ, नेपाल

| क्षेत्र | कार्यसम्पादन सूचक | विद्यालयको स्व मूल्यांकन | विद्यालय निरीक्षक वा स्रोतव्यक्तिको मुल्यांकन | जिल्लास्तरीय प्राविधिक समितिबाट सिफारिस समितिबाट प्रमाणिकरण गरिएको प्राप्तांक | अंक दिने आधार | अंकभार |
|---|---|---|---|---|---|---|
| उपलब्धि विकास योजना (१९) | लिखित पृष्ठपोषण गरेमा | | | | | |
| | ख) निरन्तर विध्यार्थी मुल्यङ्कन, आवधिक परीक्षाको पृष्ठपोषण सहित उपचारात्मक शिक्षण गरेमा | | | | निरन्तर विध्यार्थी मुल्यङ्कन ३, आवधिक परीक्षाको लिखित पृष्ठपोषण सहित उपचारात्मक शिक्षण गरेमा २ | ५ |
| | ग) प्रत्येक शिक्षकले विषयगत सिकाइ उपलब्धि विश्लेषण र अभिवृद्धि योजना तयारी र कार्यान्वयन | | | | विषयगत सिकाइ उपलब्धि विश्लेषण १ र अभिवृद्धि योजना १ र (शिक्षक) योजना अनुसार बृद्धि भएको देखिएमा १ | ३ |
| | घ) विद्यालयको समग्र सिकाइ उपलब्धि विश्लेषण र अभिवृद्धि योजना तयारी र कार्यान्वयन | | | | विद्यालयको समग्र सिकाइ उपलब्धि विश्लेषण १, अभिवृद्धि योजना १ र योजना अनुसार अभिवृद्धि भएको देखिएमा १ | ३ |



नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाण्डौं, नेपाल

| क्षेत्र | कार्यसम्पादन सूचक | विद्यालयको स्व मूल्यांकन | विद्यालय निरीक्षक वा स्रोतव्यक्तिको मुल्यांकन | जिल्लास्तरीय प्राविधिक समितिबाट सिफारिस समितिबाट प्रमाणिकरण गरिएको प्राप्तांक | अंक दिने आधार | अंकभार |
|---|---|---|---|---|---|---|
| | ङ) जिल्लाको औषत सिकाइ उपलब्धि भन्दा बढी भएमा | | | | जिल्लाको औषत सिकाइ उपलब्धि भन्दा बढी भएमा ४ | ४ |
| | च) विद्यालयले तयार गरेको प्रक्षेपित सिकाइ अभिवृद्धि योजनाको आधारमा न्युनतम पचास प्रतिसतभन्दा बढी बृद्धि भएको | | | | सिकाइ अभिवृद्धि योजनाको आधारमा न्युनतम पचास प्रतिसतभन्दा बढी बृद्धि भएको २ | २ |
| विद्यालयको अन्तरिक सक्षमताको अवस्था (१३) | क) सेवा क्षेत्रभित्र विद्यालय जाने उमेर समुहका बालवालिकाहरु विद्यलाय बाहिर नरहेको | | | | सेवा क्षेत्रभित्र विद्यालय जाने उमेर समुहका (कक्षा १मा) बालवालिकाहरु विद्यलाय बाहिर नरहेको अभिलेख सहित एकिन भएको ४ | ४ |
| | ख) विद्यार्थीको टिकाउ राष्ट्रिय औषतभन्दा माथि रहेमा | | | | विद्यार्थीको टिकाउ राष्ट्रिय औषतभन्दा माथि रहेमा ५ | ५ |
| | ग) विद्यार्थीको कक्षा छाड्ने दर | | | | विद्यार्थीको कक्षा छाड्ने दर शुन्य रहेमा ४, राष्ट्रिय औषतभन्दा कम रहेमा २ | ४ |



नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाण्डौ, नेपाल

| क्षेत्र | कार्यसम्पादन सूचक | विद्यालयको स्व मूल्यांकन | विद्यालय निरीक्षक वा स्रोतव्यक्तिको मुल्यांकन | जिल्लास्तरीय प्राविधिक समितिबाट सिफारिस समितिबाट प्रमाणिकरण गरिएको प्राप्तांक | अंक दिने आधार | अंकभार |
|---|---|---|---|---|---|---|
| भौतिक वातावरण (११) | क) शिक्षा नियमावलीमा तोकिएको मापदण्ड अनुसार विद्यार्थी संख्याको आधारमा फर्निचर तथा कक्षाकोठाको व्यवस्थापन | | | | शिक्षा नियमावलीमा तोकिएको मापदण्ड अनुसार विद्यार्थी संख्याको आधारमा फर्निचर तथा कक्षाकोठाको व्यवस्थापन ३ | ३ |
| | ख) विद्यालयको खानेपानी तथा पानी सहितको छात्रछात्रालाई अलग्गै शौचालयको व्यवस्था र ध्bक्ज् को सुविधा | | | | विद्यालयको खानेपानी १ तथा पानी सहितको छात्रछात्रो लागि अलग्गै शौचालयको व्यवस्था २ र ध्bक्ज् को व्यवस्था १ | ४ |
| | ग) विद्यालयमा खेलमैदान, घेरावेराको व्यवस्था | | | | विद्यालयमा खेलमैदान र घेरावेराको व्यवस्था १ | १ |
| | घ) विद्यालयमा अध्ययन व्यवस्था सहितको पुस्तकालय | | | | विद्यालयमा अध्ययन व्यवस्था सहितको पुस्तकालय भएमा १ | १ |



नेपाल सरकार शिक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

| क्षेत्र | कार्यसम्पादन सूचक | विद्यालयको स्व मूल्यांकन | विद्यालय निरीक्षक वा स्रोतव्यक्तिको मुल्यांकन | जिल्लास्तरीय प्राविधिक समितिबाट सिफारिस समितिबाट प्रमाणिकरण गरिएको प्राप्तांक | अंक दिने आधार | अंकभार |
|---|---|---|---|---|---|---|
| | ङ) विज्ञान प्रयोगशालाको व्यवस्था | | | | विज्ञान प्रयोगशालाको व्यवस्था १ | १ |
| | च) सुरक्षित विद्यालय वातावरण | | | | भुकम्प प्रतिरोधी भवन, विपद व्यवस्थापन पूर्वतयारी योजना र अभ्यास १ | १ |
| शैक्षिक सूचना तथा प्रविधिको प्रयोगको अवस्था ( ६) | क) विद्यालयमा सूचना तथा प्रविधिका साधनहरुको उपलब्धता | | | | कम्प्युटरल्यापटप, प्रिन्टर, प्रोजेक्टर, इन्टरनेटको उपलब्धता भएमा २ | २ |
| | ख) व्यवस्थापकीय कार्यमा सूचना तथा प्रविधिको प्रयोग | | | | व्यवस्थापकीय कार्यमा सूचना तथा प्रविधिको प्रयोग १ | १ |
| | ग) शिक्षण सिकाइ क्रियाकलापमा सूचना तथा प्रविधिको प्रयोग | | | | शिक्षण सिकाइ क्रियाकलापमा सूचना तथा प्रविधिको प्रयोग ३ | ३ |
| | | | | | | 100 |



नेपाल सरकार शिक्षा मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

प्रोत्साहन अनुदान प्राप्त गर्नको लागि विद्यालयले माथि उल्लेखित सूचकहरुमा विद्यालय व्यस्थापन समितिको गठन, सामाजिक परीक्षण, विद्यालय सुधार योजना र बार्षिक अद्यावधिकरण, सेटमा पाठ्यपुस्तकको उपलब्धता, लेखा परीक्षण, चौमासिक प्रतिवेदन संप्रेषण, शिक्षकको उपस्थिति र विद्यालयको बार्षिक शैक्षिक योजना निर्माण र कार्यान्वयनमा तोकिएको अंक सहित ५० अंक ल्याएकै हुनु पर्नेछ।

प्राप्त अँकको आधारमा आधारभूत तहको विद्यालयहरुले बढीमा दुई लाखसम्म तथा माध्यमिक तहको विद्यालयले बढीमा पाँच लाखसम्म प्रोत्साहन अनुदान प्राप्त गर्नेछन्



नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाण्डौ, नेपाल

## अनुसूची ४
## अनुदान माग फारम

### क. शिक्षक तथा कर्मचारी तलब संबन्धी फारमहरु

विद्यालयको नामः

ठेगानाः

रकम जम्मा हुने बैंक

खाता नं

| |
|---|
| वार्षिक स्वीकृत रु |
| हालसम्म निकासा भएको रु |
| हाल निकासा माग गरिएको रु |
| यो माग फाराम सम्मको कुल निकासा रु |
| निकासा हुन बाँकी रु |

अनिवार्य भर्नु पर्ने ।

| सिनं | नाम | पद | तह | श्रेणी | किसिम (स्थायी/अस्थायी/ राहत/लियन) | तलब स्केल | ग्रेड | महंगी भत्ता | प्र अ भत्ता | चाडपर्व खर्च | जम्मा | कसंकोष थप | विमा थप | अन्य | कुल जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | ७ देखि ११को जोड=१२ | १३ | १४ | १५ | १२ देखि १५ को जोड=१६ | १७ |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |

विद्यालयको छापः तयार गर्नेको सहिः प्र अ को नाम र सहि



नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

ख. आधारभूत तथा एकमुष्ठ अनुदान मागफाराम

विद्यालयको नाम :                ठेगाना:

| क्रसं | अनुदान शीर्षक | इकाइ | संख्या | दर | जम्मा रकम |
|---|---|---|---|---|---|
| **१** | **पाठ्यपुस्तक** | | | | |
| १.१ | आधारभूत (कक्षा १ देखि ५) | | | | |
| १.२ | आधारभूत (कक्षा ६ देखि ८) | | | | |
| १.३ | माध्यमिक (कक्षा ९ देखि १०) | | | | |
| १.४ | माध्यमिक (कक्षा ११ देखि १२) | | | | |
| २ | **छात्रवृत्ति** | | | | |
| २.१ | गैरआवासीय | | | | |
| २.१.१ | दलित | | | | |
| २.१.२ | छात्रा कर्णाली बाहेक | | | | |
| २.१.३ | छात्रा कर्णाली | | | | |
| २.१.४ | शहीदका छोराछोरी | | | | |
| २.१.५ | द्वन्द्वपीडित | | | | |
| २.१.६ | अपांग आधारभूत | | | | |
| २.१.७ | अपांग माध्यमिक | | | | |
| २.१.८ | मुक्त कम्हलरी | | | | |



नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाण्डौ, नेपाल

| क्रसं | अनुदान शीर्षक | इकाइ | संख्या | दर | जम्मा रकम |
|---|---|---|---|---|---|
| २.१.९ | अति गरिब/लक्षित समूह | | | | |
| २.१.१० | विज्ञान छात्रवृत्ति (कक्षा ११ र १२) | | | | |
| २.१.११ | रामनारायण मिश्र (कक्षा ११ र १२) | | | | |
| २.२ | आवासीय | | | | |
| २.२.१ | अपांग | | | | |
| २.२.२ | मुक्त कम्हलरी | | | | |
| २.२.३ | हिमाली/फिडर/नमुना विद्यालय | | | | |
| ३ | विद्यालय सञ्चालन खर्च | | | | |
| ४ | भौतिक सुबिधा बिस्तार कार्यक्रम | | | | |
| ४.१ | नयां कक्षा कोठा | | | | |
| ४.२ | प्रयोगशाला | | | | |
| ४.३ | पुस्तकालय | | | | |
| ४.४ | कम्प्युटर ल्याब | | | | |
| ४.५ | कम्पाउण्ड वाल | | | | |
| ४.६ | WASH सुबिधा सहितको शौचालय | | | | |
| ४.७ | नमुना विद्यालय भवन | | | | |
| ५ | सिकाइ वातावरण सुधारका लागि अनुदान | | | | |
| ६ | कुनै पनि तहमा शिक्षक तथा कर्मचारी अनुदान नपाउने विद्यालयका लागि एकमुष्ट अनुदान | | | | |
| ७ | प्राविधिक तथा विज्ञान विषय अध्यापन गराउने विद्यालयका लागि अनुदान | | | | |
| ८ | कक्षा ११ र १२ मा विज्ञान विषय अध्यापन गराउने विद्यालयका लागि अनुदान | | | | |



नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाण्डौं, नेपाल

| क्रसं | अनुदान शीर्षक | इकाइ | संख्या | दर | जम्मा रकम |
|---|---|---|---|---|---|
| ९ | कक्षा ९ देखि १२ सम्म कम्प्युटर विषय अध्यापन गराउने विद्यालयका लागि अनुदान | | | | |
| १० | प्राविधिक धार कक्षा ९ देखि १२ सञ्चालन गरिरहेका विद्यालयका लागि अनुदान | | | | |
| ११ | नमुना बिद्यालयलाई प्रबर्तनात्मक कार्यसञ्चालनका लागि अनुदान | | | | |
| १२ | एक जना मात्र शिक्षक भएका तथा बहुकक्षा बहुस्तरमा आधारित शिक्षण सिकाई गर्ने विद्यालयलाई व्यवस्थापन अनुदान | | | | |
| १३ | बहुभाषिक विद्यालयका लागि थप अनुदान | | | | |

प्रअ

स्रोतव्यक्ति



नेपाल सरकार
शिक्षा मन्त्रालय
सिंहदरबार, काठमाण्डौं, नेपाल

## अनुसूची ५

## तलव स्केल,दुर्गम भत्ता तथा स्थानीय भत्ता सम्वन्धि व्यवस्था

सामुदायिक विद्यालयमा कार्यरत शिक्षक अनुसूची ९

| क.सं. | दर्जा | तलबमान | | | |
|---|---|---|---|---|---|
| | | तलब स्केल | ग्रेड संख्या | ग्रेड दर | जम्मा |
| | प्राथमिक | | | | |
| १ | दुई विषयभन्दा वढी एस.एल.सी.अनुत्तीर्ण | १७,२३० | ६ | ५७४ | २०,६७४ |
| २ | दुई विषयसम्म एस.एल.सी.अनुत्तीर्ण | १८,३४० | ६ | ६११ | २२,००६ |
| ३ | एस.एल.सी.उत्तीर्ण | २२,१७० | ६ | ७३९ | २६,६०४ |
| ४ | एस.एल.सी.उत्तीर्ण | २३,५०० | ८ | ७८३ | २९,७६४ |
| ५ | एस.एल.सी.उत्तीर्ण | ३०,५०० | ८ | १,०१७ | ३८,६३६ |
| | निम्न माध्यामिक | | | | |
| ६ | निम्न माध्यामिक | २३,५०० | ८ | ७८३ | २९,७६४ |
| ७ | निम्न माध्यामिक | ३०,५०० | ८ | १,०१७ | ३८,६३६ |
| ८ | निम्न माध्यामिक | ३२,१०० | ८ | १,०७० | ४०,६६० |
| | माध्यामिक | | | | |
| ९ | माध्यामिक | ३०,५०० | ८ | १,०१७ | ३८,६३६ |
| १० | माध्यामिक | ३४,२२० | ८ | १,१४१ | ४३,३४८ |
| ११ | माध्यामिक | ४०,१५० | ६ | १,३३८ | ४८,१७८ |

नेपाल सरकार शिक्षा मन्त्रालय सिंहदरबार, काठमाण्डौ

१ स्थानीय भत्ता प्रयोजनको लागि स्थान वर्गीकरण

"क" वर्गका स्थानीय भत्ता पाउने जिल्लाहरु

डोल्पा, मुगु, हुम्ला

"ख" वर्गका स्थानीय भत्ता पाउने जिल्लाहरु

मनाङ्ग, मुस्ताङ्ग, बझाङ्ग, बाजुरा, जुम्ला, कालिकोट, दार्चुला

"ग" वर्गका स्थानीय भत्ता पाउने जिल्लाहरु

रुकुम, जाजरकोट, दैलेख, अछाम, ताप्लेजुङ्ग, संखुवासभा, भोजपुर, तेह्रथुम, खोटाङ्ग, ओखलढुङ्गा, सोलुखुम्बु, म्याग्दी, रोल्पा, सल्यान, प्युठान, डोटी, डडेल्धुरा, बैतडी

"घ" वर्गका स्थानीय भत्ता पाउने जिल्लाहरु

पाँचथर, धनकुटा, रामेछाप, दोलखा, रसुवा, गोरखा, लमजुङ्ग, बाग्लुङ्ग, पर्वत, गुल्मी, अर्धाखाँची

"ङ" उपर्युक्त बाहेकका जिल्लाहरु

स्थानीय भत्ता नपाउने

स्पष्टीकरणः माथि जिल्ला सदरमुकामका स्थानीय भत्ता सम्बन्धमा जुन सुकै दरहरु उल्लेख गरिएका भए पनि देहायका उल्लेख भएका स्थानहरुमा कार्यरत कर्मचारीहरुले देहाय बमोजिमका दरले स्थानीय भत्ता पाउनेछन्।

(१) "ख" वर्गको दरले भत्ता पाउने निम्न जिल्लाका देहायका गाउँ विकास समितिहरु

१. ताप्लेजुङ्गको (१) लेलेप (२) ओलाङचुङगोला (३) पापुङ
२. संखुवासभाको (१) चेपुवा, (२) पाथिभरा (३) किमाथाङ्का, (४) हटिया (५) मकालु (६) नुम (७) याफु (८) पावाखोला
३. सोलुखुम्बुको (१) खुम्जुङ, (२) नाम्चे (३) चौरीखर्क (४) छेस्केम (५) बुङ
४. दोलखाको (१) लामावगर (२) गौरिशंकर (३) खारे (४) अल्पु, (५) विगु
५. गोरखाको (१) सिर्दिवास, (२) प्रोक, (३) लोहों, (४) केरौजा (५) छेकम्पार (६) मान्बु (७) बिही (८) सामागाउँ (९) लाप्राक (१०) चुमचेत
७. बाग्लुङ्गको (१) बोवाङ, (२) निसी, (३) सुनखानी, (४) वुङ्गशोभान, (५) अधिकारीचौर
८. रुकुमको (१) रन्माकोट (२) हुकाम (३) सिस्ने (४) गौतमकोट (२) स्यालगढी

(घ) एक वर्षमा पटक पटक वा एकपटक गरी ३० दिनसम्मको विदामा वसेको कर्मचारीलाई स्थानीय भत्ता दिइनेछ। तर सुत्केरी विदाको हकमा नियमानुसार पाउने विदा दिनमा पनि स्थानीय भत्ता दिइनेछ। अध्ययन काज तथा अध्ययन विदा र असाधारण विदामा वसेको कर्मचारीले स्थानीय भत्ता पाउने छैन। भत्ता पाउने स्थानमा पदाधिकार रहेको आधारमा मात्र स्थानीय भत्ता दिइने छैन।

(ङ) एउटै श्रेणीभित्र विभिन्न तह रहेकोमा स्थानीय भत्ता दिने प्रयोजनका लागि सबै तहकालाई सम्बन्धित श्रेणीको निमित्त तोकिएको रकम उपलव्ध गराउनु पर्नेछ।

नेपाल सरकार
शिक्षा म...
सिंहदरबार, काठमाडौं

अनुसूची १०

## २०७१ साउन १ गते देखि लागु हुने स्थानीय भत्ताको मासिक दर

| पद | क वर्ग | | ख वर्ग | | ग वर्ग | | घ वर्ग | |
|---|---|---|---|---|---|---|---|---|
| | सदरमुकाम र ६ कोष भित्र | सदरमुकामबाट ६ कोष र सो भन्दा बाहिर | सदरमुकाम र ६ कोष भित्र | सदरमुकामबाट ६ कोष र सो भन्दा बाहिर | सदरमुकाम र ६ कोष भित्र | सदरमुकामबाट ६ कोष र सो भन्दा बाहिर | सदरमुकाम र ६ कोष भित्र | सदरमुकामबाट ६ कोष र सो भन्दा बाहिर |
| कार्यालय सहयोगी | ५६३० | ५९१० | ४५०० | ४७३० | १७५० | २२४० | ५८० | ६१० |
| रा.प. अनंकित चतुर्थ | ६१९० | ६५०० | ४९५० | ५२०० | २००० | २१०० | ६४० | ६८० |
| रा.प. अनंकित तृतीय | ६७५० | ७०९० | ५४०० | ५६८० | २२८० | २५०० | ७०० | ७४० |
| रा.प. अनंकित द्वितीय | ७६९० | ८०८० | ६१५० | ६४६० | २५६० | २७६० | ६९० | ८३० |
| रा.प. अनंकित प्रथम | ९१९० | ९६५० | ७३५० | ७७१० | ३०६० | ३२१० | ९३० | ८५० |
| रा.प. तृतीय | १४०६० | १४७६० | ११२५० | ११८१० | ३७५० | ३९४० | १२९० | १३५० |
| रा.प. द्वितीय | १६२३० | १७०४० | १२९८० | १३६३० | ५००० | ५२५० | १६५० | १७३० |
| रा.प. प्रथम | १९६९० | २०६८० | १५७५० | १६५४० | ६२५० | ६७०० | २१०० | २२१० |
| रा.प. विशिष्ट | २४२५० | २५४६० | १८००० | १८९०० | १०५०० | ११०३० | २२८० | २४०० |

नेपाल सरकार शिक्षा मन्त्रालय सिंहदरबार, काठमाण्डौं, नेपाल